# गढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## समनपुर, रौतहट
## मधेश प्रदेश, नेपाल

**नदिजन्य पदार्थको ठेक्का बन्दोवस्त गर्नको लागि शिलवन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना !**

**प्रथम पटक प्रकाशित मिति :- २०७९।०४।११**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को घ (६) तथा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र यस गढीमाई नगरपालिकाको मिति २०७९।०४।१० गतेको निर्णय बमोजिम आ.व.२०७९/०८० को लागि कार्यालयबाट तोकिएको दररेटमा नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित मध्ये देहायको परिमाणको ढुङ्गा, गिट्टी, बालुवा आदि नदिजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री करहरुको असुली सम्बन्धी कार्य गर्नको लागि शिलबन्दी बोलपत्रको माध्यमबाट तपसिल बमोजिमका ठेक्काहरु बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले फर्म दर्ता/नवीकरण सहितको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७७/०७८ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी निम्नानुसारका शर्तहरुको अधिनमा रही रितपूर्वक शिलबन्दी बोलपत्र प्रकृयामा सहभागि हुन सम्बन्धित सरोकारवालाहरु सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं. | ठेक्काको नाम | संकलन तथा उत्खनन् क्षेत्र | संकलन तथा उत्खनन् परिमाण | न्युनतम ठेक्का अंक | धरौटी रकम |
|---|---|---|---|---|---|
| ०१/०७९/०८० | समनपुर नाकाको ढुङ्गा, गिट्टी बालुवा उत्खनन्, संकलन तथा बिक्री कर संकलन | बागमति नदिको समनपुर नाका (गढीमाई न.पा.- १ र २) | ९८०४० घ.मी. | २,००,००,०००।- | मु.अ.कर सहित कबोल अंक को ५% ले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत पत्र |
| ०२/०७९/०८० | मदनपुर नाकाको ढुङ्गा, गिट्टी बालुवा उत्खनन्, संकलन तथा बिक्री कर संकलन | बागमति नदिको मदनपुर नाका (गढीमाई न.पा.-५) | ९८०४ घ.मी. | २०,००,०००।- | |
| ०३/०७९/०८० | लक्ष्मीपुरदेखि धनाढी धर्मपुर नाकाको ढुङ्गा, गिट्टी बालुवा उत्खनन्, संकलन तथा बिक्री कर संकलन | बागमति नदिको लक्ष्मीपुरदेखि धनाढी धर्मपुर नाका (गढीमाई न.पा.- ३, ६ र ७) | १९६०८ घ.मी. | ४०,००,०००।- | |

**शर्त तथा बन्देजहरु :**

(१) शिलबन्दी बोलपत्र फाराम खरिद गर्न ईच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, PAN वा VAT दर्ता प्रमाणपत्र, आ.व.२०७७/०७८ को करचुक्ता प्रमाणपत्र, नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु र बोलपत्र फाराम दस्तुर, ठेक्का नं. १ को हकमा रु. ३,०००।- र बाँकी ठेक्काहरुको हकमा रु. १,०००।-(पछि फिर्ता नहुने गरी) बुझाई उल्लेखित समयभित्र यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

(२) बोलपत्र फाराम जसको नाममा खरिद गरिएको हो, सोही व्यक्ति वा फर्मको नामबाट यस कार्यालयको नाममा सम्बोधन गरी शिलबन्दी बोलपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नम्बर उल्लेख गरी सहीछाप गरी शिलबन्दी लाहाछाप लगाई खामको बाहिर ठेक्काको विवरण समेत उल्लेख गरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । सो समयभित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु दर्ता गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजेपछि शिलबन्दी बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्नेछैन ।

(३) शिलबन्दी बोलपत्र फाराममा बोलपत्रदाताले कबोल गरेको कूल अंकको (मु.अ.कर सहित) ५% धरौटी रकम यस नगरपालिकाको नाममा बैंक अफ काठमाण्डौ लि., गढीमाई शाखा, रौतहटमा रहेको ग.३-स्थानीय तह धरौटी खाता (गढीमाई न.पा.) नं.-०१७९०००००१३२५२४ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचरको दोश्रो प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य/कृषि विकास बैंकले यस कार्यालयको नाममा जारी गरेको शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको बैंक जमानतको सक्कलै प्रति पेश गर्नुपर्नेछ । धरौटी रकम जम्मा गरेको बैंक भौचरको पछाडि धरौटी रकम जम्मा गर्ने व्यक्ति/फर्मको नाम र ठेगाना स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

(४) बोलपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ । टिपेक्स लगाई वा पेन्सिलले लेखेकोलाई मान्यता दिइनेछैन ।

(५) शिलबन्दी बोलपत्र स्वीकृत भए पश्चात तोकिएको समयभित्र सम्झौता हुनु पूर्व नै मु.अ.कर सहितको कबोल गरेको दररेट बमोजिमको सम्पूर्ण रकम एकमुष्टै यस कार्यालयको बैंक खातामा दाखिला गरी ठेक्का भोगचलनको पट्टा लिनुपर्नेछ । एकमुष्ट रकम बुझाउनेहरुलाई १०% छुट दिइनेछ । मु.अ. करमा दर्ता नभएको व्यक्तिको हकमा ठेक्का स्वीकृत भए पछि सम्झौता गर्नु अगावै मुल्य अभिवृद्धि करमा दर्ता भई सोको दर्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

(६) शिलबन्दी बोलपत्र स्वीकृत भएपछि सूचना पाएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा ठेक्का सम्झौता गर्न आउनु पर्नेछ । मनासिव कारण बाहेक सो अवधिभित्र सम्झौता गरी पट्टा नलिएमा धरौटी रकम जफ्त गरी त्यस पछिको क्रमानुसार रितपूर्वकको शिलबन्दी बोलपत्रलाई स्वीकृत गरी सम्बन्धित बोलपत्रदातालाई ठेक्का सम्झौताको लागि पत्राचार गरिनेछ ।

(७) ठेक्का सञ्चालनको सिलसिलामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई प्रचलित ऐन, नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयं आफैले सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ ।

(८) यस कार्यालयलाई रकम बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति वा फर्महरुको शिलबन्दी बोलपत्र स्वीकृत गरिनेछैन ।

(९) ठेक्का सम्झौता अवधिभर ठेकेदारले ठेक्का सम्झौता तोड्न पाउनेछैन । बिचैमा ठेकेदारले ठेक्का सम्झौता तोडेमा ठेकेदारबाट दाखिला हुन आएका सम्पूर्ण रकम जफ्त गरिनेछ ।

(१०) नदिजन्य पदार्थको उत्खनन् संकलन अवधि ठेक्का सम्भौता भएको मितिदेखि २०८० साल ज्येष्ठ मसान्तसम्म मात्र हुनेछ ।

(११) बागमति नदिबाट निकालिने नदिजन्य पदार्थ निकाल्दा यस नगरपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार निकाल्नुपर्नेछ ।

(१२) शिलबन्दी बोलपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

(१३) कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार गढीमाई नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

(१४) शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएका शिलबन्दी बोलपत्र माथि कारवाही हुनेछैन ।

(१५) यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको शिलबन्दी बोलपत्रलाई मान्यता दिइनेछैन ।

(१६) जिल्ला अनुगमन तथा समन्वय समिति र यस कार्यालयबाट अनुगमन गर्दा कानून तथा मापदण्ड बमोजिम कार्य गरेको नपाइएमा तत्काल कानून बमोजिम कारवाही गरिनेछ ।

(१७) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले तोकेको स्थानबाट तोकेको परिमाणमा मात्र उत्खनन तथा संकलन गर्न पाइनेछ । यसरी उत्खनन गरेको परिमाणको लगत प्रत्येक १/१ महिनामा यस कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ । तोकिएको परिमाण भन्दा घटी परिमाणमा नदिजन्य पदार्थ उत्खनन् संकलन भएको कारणले कुनै छुट वा मिनाहा माग्न पाइनेछैन । यस सूचना बमोजिम सम्झौता भई ठेक्का चलनपूर्जि (पट्टा) जारी गरिएपछि कुनै किसिमको मिनाहा वा छुट हुनेछैन ।

(१८) माथि उल्लेखित शर्तहरु बाहेक अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा गढीमाई नगर कार्यपालिकाको निर्णयानुसार ठेक्का सम्झौताका बखतमा निर्धारित हुनेछ ।

(१९) अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा गढीमाई नगरकार्यपालिकाको कार्यालय वा राजश्व शाखाको सम्पर्क नं.-९८५५०४०७२७ मा सम्पर्क राख्न सकिनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

नागेन्द्र यादव
नि. प्रमुख प्रशासकीय अधिकृत